जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १५९ पृष्ठः ४ | २०८३ असोज २९ बिहीबार (Thursday 15 Oct. 2026) | मूल्य रु. ५।-
इमेल : mgnd2070@gmail.com

## झिझिया नृत्यबारे बहस



**जीवछ यादव**

लहान, २८ असोज। मधेसको मिथिला भाषाभाषीको बाहुल्यता रहेको क्षेत्रमा दसैंको समयमा प्रस्तुत गरिने झिझिया नृत्यलाई लोकनृत्यको रुपमा लिइने गरिन्छ। यो लोकनृत्य संस्कृतिको संरक्षणमा भने वहस हुनेगरेको छ। झिझिया नृत्य दुर्गापूजा दुष्ट शक्तिबाट रक्षा हुन भुतप्रेत बोक्सीको प्रभाव कम गर्न झिझिया नृत्य धार्मिक परम्पराअनुसार हुँदै आइरहेकाले झिझिया नृत्य जोगाउन हरेक समुदायले उतिकै चासो लिनुपर्ने शिक्षक रामविहारी साहले बताउनुभयो। उहाँले भन्नुभयो, "परम्परा जोगाउनुपर्छ। तर अन्धविश्वासलाई बढावा दिइने गतिबिधि गर्नु हुँदैन।"

झिझिया नृत्यमा दलित बालबालिकालाई मात्र सहभागी गराइने हुनाले त्यसमा सो समुदायको गुनासो रहने गरेको छ। जनता समाजवादी पार्टीकी केन्द्रिय सदस्य ललिता दासले यो परम्परा उचित नभएको बताउनुभयो। लहान नगरपालिकाको सहरी क्षेत्र वडा ७ मा रहेको दुर्गा मन्दिरको आगाडि घटस्थापनाको दिनदेखि हरेक साँझ हुने झिझिया नृत्यमा दलित बालबालिकालाई मात्रै नृत्यमा सहभागिता गराउन नहुने उहाँको सुझाव छ। दुर्गा मन्दिरको संरक्षक समेत रहेको लहान नगरप्रमुख महेशप्रसाद चौधरीप्रति आक्रोस व्यक्त गरी प्रदेशसभा सदस्य ललितादेवी दासले विरोध जनाउनुभयो।

उहाँ भन्नुहुन्छ, "सर्प कुकुरले टोक्दा उपचारभन्दा धामीझाक्री कहाँ गएर मृत्युवरण गरिरहेका छन। अन्धविश्वासको घेराबाट बाहिरिन शिक्षा चेतना आवश्यक रहेको छ, तर अन्धविश्वास र विकृतिमा फसाउने झिझिया नृत्यमा अल्झाउनु विकृति हो।" झिझिया नृत्यले समाजमा पछिपरेका गरिव दलितलाई अन्धविश्वासमा धकेलिरहेकाले यस नृत्यमा देखिएको विकृतिलाई टेवा पुऱ्याउने गतिबिधि गर्न नहुने मानवअधिकारवादी अगुवा राजकुमार राउतले बताउनुभयो।

दलित बस्तीहरुमा सर्प र कुकुरले टोक्दा उपचारका लागि अस्पताल नगइ धामी झाँक्री कहा गएर मृत्युवरण गरिरहेका छन। वोक्सीको कारण महिला हिंसा समाजमा घटिरहेको नागरिक अगुवा दिनेश

**-बाँकी तीन पेजमा**

## रास्वपा नगरसभापति लागुऔषध मुद्दामा पक्राउ

लहान, २८ असोज। सिरहा प्रहरीले लागुऔषध मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरेको छ। प्रतिवन्धित लागु औषध गाँजा मुद्दाका फरार प्रतिवादी सप्तरीको सुरुङ्गा नगरपालिका ५ का ४७ वर्षिय मोहम्द साबीर अलीलाई आज विहान पक्राउ गरेको हो।

उनी राष्ट्रिय स्वातन्त्र पार्टी ( रास्वपा)का सुरुङ्गा नगरपालिकाका नगरसभापति हुन्। उनलाई बुधबार विहान ११ बजे रास्वपा सुरुङ्गा नगरपालिकाका पार्टी कार्यालय कदमहाबाट पक्राउ गरेको सप्तरीको भेडीया इलाका प्रहरी कार्यालयको सहयोगमा इलाका प्रहरीले लहानले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रमेश बहादुर पालले जानकारी दिए।

प्रहरीका अनुसार, २०८१ मंसिर २९ गते सिरहाको धनगढीमाई नगरपालिका १० जिरोमाइलस्थित पूर्व-पश्चिम राजमार्गमा दुर्घटनामा परेको कारबाट एक क्विन्टल ३० किलो गाँजा बरामद भएको थियो।रुपूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना.३ ख ७५९१ नम्बरको ट्रकले उत्तरतर्फबाट राजमार्ग पार गर्दै दक्षिण जानलागेको बा.८ च ९९६३ नम्बरको गाँजा बोकेको कारलाई ठक्कर दिएको थियो।

दुर्घटनापछि कार छोडेर भागेपछि खानतलासी गर्दा पाँचवटा पोकामा राखिएको गाँजा बरामद भएको प्रहरीले जनाएको छ। सोही घटनासम्बन्धी लागूऔषध मुद्दामा हुसेन पक्राउ परेको प्रहरीले जनाएको छ।

## गङ्गा नदीमा डुङ्गा पल्टिँदा कम्तीमा १३ जनाको मृत्यु

काठमाडौं, २८ असोज। भारतको बिहार राज्यको वैशाली जिल्लामा मङ्गलवार राति गङ्गा नदीमा एउटा डुङ्गा पल्टिँदा कम्तीमा १३ जना बालबालिकाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्। डुङ्गामा सवार गाउँलेहरू एउटा भोजमा सहभागी हुन अर्को गाउँ गइरहेका विवरणमा जनाइएको छ। स्थानीय बासिन्दाका अनुसार भागतान टेला ( रामपुर श्यामचन्द पञ्चायत) मा माता महारानी नजिकै सिंहेश्वर राईको घरमा




भोज भइरहेको थियो। सानो डुङ्गामा करिब २० जना सवार थिए। वैशाली जिल्लाकी जिल्लाधिकारी

**-बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## निःशुल्क स्वास्थ्य शिविरले मात्रै पुग्दैन

स्वास्थ्य मानिसको आधारभूत अधिकार हो। आर्थिक अवस्था कमजोर भएकै कारण कुनै नागरिकले रोग पालेर बस्नुपर्ने वा सामान्य उपचारसमेत नपाउने अवस्था सभ्य समाजका लागि स्वीकार्य हुन सक्दैन। तर सिरहासहित मधेश प्रदेशका विभिन्न ग्रामीण तथा विपन्न बस्तीमा स्वास्थ्य सेवामा पहुँचको समस्या अझै गम्भीर छ। गरिबी, उपचार खर्च, स्वास्थ्य संस्थासम्म पुग्न लाग्ने समय र विशेषज्ञ सेवाको अभावका कारण धेरै नागरिक वर्षौँसम्म रोग सहेर बस्न बाध्य छन्। गोलबजार नगरपालिका–२ मा गरिब, विपन्न तथा दलित समुदायलाई लक्षित गरी सञ्चालन गरिएको निःशुल्क स्वास्थ्य शिविरले यही यथार्थ उजागर गरेको छ।

गोलबजार नगरपालिका–२ को आयोजना तथा नगरपालिकाको स्वास्थ्य शाखाको समन्वयमा सञ्चालित शिविरबाट १९० जनाले स्वास्थ्य सेवा लिनु सकारात्मक पक्ष हो। स्त्री तथा प्रसूति रोग, हाडजोर्नी, फिजियोथेरापी र जनरल मेडिसिनलगायतका सेवा प्रदान गर्नुका साथै विशेषज्ञ चिकित्सकबाट परीक्षण, परामर्श र निःशुल्क औषधि वितरण गरिएको छ। आर्थिक अभावका कारण लामो समयदेखि उपचार गराउन नसकेका नागरिकका लागि यस्ता शिविर तत्कालीन राहतको प्रभावकारी माध्यम बन्न सक्छन्।

तर शिविरमा आएका नागरिकका अनुभवले समस्या कति गहिरो छ भन्ने पनि देखाउँछन्। कसैले तीन–चार वर्षदेखि ढाड, कम्मर, घाँटी र खुट्टा दुख्ने समस्याको उपचार गराउन सकेका छैनन् भने कसैले छाती दुखाइको उपचारसमेत आर्थिक अभावका कारण रोक्नुपरेको छ। कतिपयका लागि निजी अस्पतालको खर्च धान्नु असम्भव छ। स्वास्थ्य समस्या बढ्दै जाँदा पनि उपचार गर्न नसक्नु केवल व्यक्तिगत विवशता होइन, स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न नसकिएको अवस्थाको संकेत हो।

यस्तो परिस्थितिमा स्थानीय सरकारले आयोजना गर्ने निःशुल्क स्वास्थ्य शिविरको महत्व अस्वीकार गर्न सकिँदैन। जनताबाट संकलित राजस्व जनताकै हितमा खर्च गर्ने उद्देश्य प्रशंसनीय छ। विशेषगरी दलित, अति विपन्न, एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा नियमित आम्दानी नभएका परिवारलाई लक्षित कार्यक्रमले राहत पुऱ्याउन सक्छ। स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले समुदायका वास्तविक आवश्यकता पहिचान गरी सेवा उपलब्ध गराउने जिम्मेवारी पनि उसकै हो।

यद्यपि, एकदिने शिविरलाई नै स्वास्थ्य समस्याको स्थायी समाधान ठान्नु उचित हुँदैन। शिविरमा परीक्षण गरिएका सबै बिरामीको रोग तत्काल निको हुँदैन। कतिपयलाई लामो समयसम्म औषधि सेवन, नियमित परीक्षण, फिजियोथेरापी वा थप विशेषज्ञ उपचार आवश्यक पर्न सक्छ। जटिल रोग पहिचान भएका बिरामीलाई कहाँ र कसरी उपचार गराउने भन्ने व्यवस्था नहुँदा शिविरबाट प्राप्त राहत सीमित हुन सक्छ। त्यसैले शिविर सञ्चालनसँगै थप उपचार आवश्यक पर्ने बिरामीको पहिचान, स्वास्थ्य संस्थामा सिफारिस र उपचारको निरन्तरता सुनिश्चित गरिनुपर्छ।

गोलबजार नगरपालिका तथा सम्बन्धित वडा कार्यालयले स्वास्थ्य शिविरलाई वार्षिक कार्यक्रमको औपचारिकतामा सीमित नराखी आवश्यकता र प्रभावका आधारमा अघि बढाउनुपर्छ। कुन बस्तीमा स्वास्थ्य सेवाको पहुँच कमजोर छ, कस्ता रोग बढी देखिन्छन् र कति नागरिक आर्थिक अभावका कारण उपचारबाट वञ्चित छन् भन्ने तथ्यांक संकलन गर्न आवश्यक छ। त्यही आधारमा नियमित स्वास्थ्य परीक्षण, विशेषज्ञ सेवा र आवश्यक औषधि वितरणको योजना बनाउन सकिन्छ। शिविरबाट सेवा लिएका बिरामीको अभिलेख राखेर उनीहरूको उपचारको अवस्थाबारे पछिल्लो समयमा जानकारी लिने प्रणालीसमेत विकास गर्नुपर्छ।

त्यस्तै, विपन्न नागरिकका लागि स्वास्थ्य बिमा, सरकारी अस्पतालमा उपलब्ध निःशुल्क सेवा र लक्षित उपचार सहायताबारे जानकारी पुऱ्याउनुपर्छ। जटिल रोगको उपचार गर्न नसक्ने परिवारलाई उपलब्ध सरकारी सुविधासँग जोड्नु स्थानीय सरकारको महत्त्वपूर्ण काम हुन सक्छ। बजेट खर्चको पारदर्शिता, सेवाग्राहीको छनोटमा निष्पक्षता र वास्तविक विपन्न परिवारसम्म सेवा पुगेको सुनिश्चितता पनि उत्तिकै आवश्यक छन्।

स्वास्थ्य सेवा दान वा कृपाको विषय होइन, नागरिकको अधिकार हो। त्यसैले स्थानीय सरकारले नागरिकलाई रोग लागेपछि मात्र उपचार खोज्ने अवस्थाबाट रोगको समयमै पहिचान र नियमित उपचारतर्फ लैजानुपर्छ। गोलबजार–२ को शिविरले १९० जनालाई सेवा दिनु उपलब्धि हो, तर वास्तविक सफलता उपचारबाट वञ्चित नागरिकको संख्या घट्नुमा हुनेछ। निःशुल्क शिविरलाई नियमित स्वास्थ्य सेवासँग जोडेर अघि बढाउन सके मात्र जनताको पैसा जनताकै स्वास्थ्य र जीवनको सुरक्षामा खर्च भएको अनुभूति हुनेछ।

# करोडौँ खर्चेर हेडवर्क्स निर्माण, पाँच वर्ष पुग्न लाग्दा पनि खेतमा पुगेन पानी



सिरहाको लहान नगरपालिका–११ का किसान घुरन साहले यस वर्ष समयमै धान रोप्नुभयो तर रोपाइँ सकिएसँगै सुरु भएको सिँचाइको चिन्ता भने उस्तै छ। खेतनजिकै करोडौँ खर्चेर खुट्टीखोला सिँचाइ आयोजनाको संरचना बनेको छ, तर त्यसको हेडवर्क्सबाट पानी खेतसम्म पुग्न सकेको छैन। सिँचाइको सुविधा दिने उद्देश्यले निर्माण गरिएको आयोजना उपयोगविहीन हुँदा साहजस्ता किसान अझै आकाशबाट पानी झर्ने प्रतीक्षामा खेती गर्न बाध्य छन्।

"करोडौँको लगानीमा हेडवर्क्स बन्यो, लाखौँ खर्चेर नहर पनि सफा गरियो तर वर्षायाममा हेडवर्क्सको गेट खोलेर परीक्षण गर्दा खोलाको पानी नहरमा राम्रोसँग बगेन। बरु नहरमा जमेको पानी खोलातिरै फर्किने अवस्था देखियो", साहले भने, "नहर भएर पनि बाली सुक्ने चिन्ता हटेको छैन।" किसानको खेतमा पानी पुर्याउने उद्देश्यले निर्माण गरिएको हेडवर्क्स सम्पन्न भएको करिब पाँच वर्ष पुग्न लाग्दा पनि आयोजना सञ्चालनमा आउन सकेको छैन।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले मल्टिटेक निर्माण कम्पनीसँग २०७७ साल मङ्सिर १७ गते रु आठ करोड ५६ लाख ७२ हजार ४४२ मा हेडवर्क्स निर्माणको सम्झौता गरेको थियो। निर्माण कम्पनीलाई रु आठ करोड ६८ लाख ९३ हजार ९६२ भुक्तानी भएको छ। तत्कालीन लहान नगरप्रमुख मुनि साहले २०७८ कात्तिक २२ गते यसको शिलान्यास गरेको थियो।

वर्षायाममा उपलब्ध पानीलाई हेडवर्क्समा जम्मा गरी मुख्य नहरमार्फत कृषि क्षेत्रमा सिँचाइ पुर्याउने आयोजनाको परिकल्पना थियो। मड्यान, गडमे, बानो र सर्रे खोलाको जलाधार क्षेत्रबाट पानी उपलब्ध हुने अपेक्षा गरिएको थियो तर संरचना निर्माण भए पनि पानी किसानको खेतसम्म पुग्न सकेको छैन।

**डिजाइनमै प्रश्न, सञ्चालनको सुनिश्चितता खोइ ?**

महालेखा परीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदन, २०८१ मा खुट्टीखोला सिँचाइ आयोजनाको हेडवर्क्सको निर्माण र सञ्चालन सुनिश्चिततामाथि प्रश्न उठाएको छ। प्रतिवेदनले हेडवर्क्सको डिजाइन तथा निर्माणमा प्राविधिक समस्या औँल्याउँदै संरचनाबाट पानी सङ्कलन गरी नहरमा वितरण गर्न सकिने अवस्थाबारे स्पष्टता खोजेको छ।

प्रतिवेदनमा भनिएको छ, "योजनाको स्थलगत निरीक्षण गर्दा खोलामा पानी बग्ने सतहभन्दा हेडवर्क्स उच्च स्थानमा निर्माण भएको छ। यसबाट डिजाइन सुधार तथा थप निर्माण नगरी हेडवर्क्समा पानी जम्मा गरी वितरण हुन सक्ने देखिएन।" यो प्रश्न आयोजनाको आधारभूत प्राविधिक पक्षसँग सम्बन्धित छ। वास्तविक कारण पहिचान गर्न स्वीकृत विस्तृत आयोजना प्रतिवेदन (डिपिआर), निर्माण सम्पन्न संरचनाको उचाइ, खोलाको पानीको सतह र नहरको लेभलबीच तुलनात्मक प्राविधिक परीक्षण आवश्यक देखिन्छ।

पूर्वनगरप्रमुख मुनि साह भने हेडवर्क्सबाट पानी नजाने भन्ने निष्कर्षसँग सहमत छैनन्। उनले निर्माणअघि नै बालुवाका बोरा राखेर पानीको बहाव परीक्षण गरिएको र त्यसपछि डिपिआर तयार गरिएको दाबी गरे। "नहरमा पानी गइसकेपछि मात्र सोहीअनुरूप डिपिआर बनाइएको हो। निर्माणअघि प्राविधिक परीक्षण गरिएकाले पानी नजाने कुनै कारण नै छैन," उनले भने।

**नहरमा ढल, फोहोर र अतिक्रमण**

सिँचाइ कार्यालय सिरहाले गरेको पछिल्लो स्थलगत निरीक्षणले खुट्टीखोला सिँचाइ आयोजनाको समस्या हेडवर्क्समा मात्र सीमित नरहेको देखाएको छ। कार्यालयको प्रतिवेदनअनुसार मुख्य नहरमा सहरी ढल तथा फोहोर मिसिने, माटो र गेग्रान थुप्रिने, दुवैतर्फ सडक निर्माण हुने तथा अतिक्रमणका कारण नहरको चौडाइ घट्ने समस्या छन्। कार्यालय प्रमुख सुमनकुमार झाले नहरमा रहेका अवरोध हटाएर आवश्यक मर्मतसम्भार तथा स्तरोन्नति र ढल व्यवस्थापन गर्न सके पानी सहज रूपमा सञ्चालन गर्न सकिने बताए।

"नहरमा रहेका अवरोध हटाउने, आवश्यक मर्मतसम्भार तथा स्तरोन्नति गर्ने र ढल व्यवस्थापनको काम गर्न सके नहरमा पानी सहज रूपमा सञ्चालन गर्न सकिन्छ", झाले भने, "आयोजनाको समस्या समाधानका लागि आवश्यक सुधार तथा स्तरोन्नतिसहितको विस्तृत प्रतिवेदन मधेस प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा पेस गरेका छौँ।"

झाका अनुसार हेड रेगुलेटरबाट करिब ४०० मिटरको दूरीमा रहेको मन्दिर र त्यहाँको पानी बाँड्ने संरचनाले मुख्य तथा शाखा नहरमा पानीको समुचित प्रवाहमा बाधा पुर्याएको छ। मुख्य नहर चार हजार ९०० मिटर र शाखा नहर एक हजार ७१० मिटर लामो छ। हेडवर्क्स निर्माण सम्पन्न भएको करिब चार वर्षपछि गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेश सरकारले नहर सफाइका लागि रु १५ लाख बजेट विनियोजन गरेको थियो। त्यसमध्ये रु सात लाख ९० हजार २४५ मा शिवम् कन्स्ट्रक्सनलाई सफाइको जिम्मा दिइएको कार्यालयले जनाएको छ तर सफाइपछि पनि अपेक्षाअनुसार नहरमा पानी सञ्चालन हुन सकेन।

स्थानीय देवराज पोखरेलले नहर गहिरो बनाएर सफाइ गर्दा छेउको बाटो धसिन थालेको, बोटबिरुवामा क्षति पुगेको र विद्युत्का पोल पनि जोखिममा परेको बताए। "हेडवर्क्स निर्माण सुरु गर्दादेखि नै प्राविधिक पक्षमा ध्यान दिन आग्रह गरेका थियौँ। तर सुनुवाइ भएन," उनले भने, "करोडौँ खर्च भएको आयोजनाको प्राविधिक र आर्थिक पक्षको छानबिन हुनुपर्छ।"

कार्यालयका इन्जिनियर सञ्जीवकुमार यादवका अनुसार नहरका केही स्थानमा ९० सेन्टिमिटरसम्म माटो जमेको छ। "माटो हटाएपछि दक्षिणी नहरमा पानी जाने अवस्था देखिन्छ। पश्चिमी नहरमा भने थप संरचनागत समस्या छन्," उनले भने।

**प्राविधिक समस्या कि व्यवस्थापनको कमजोरी ?**

आयोजनाको समस्या प्राविधिक पक्षसँगै सहरी ढल व्यवस्थापन र स्थानीय तहबीचको समन्वयसँग पनि जोडिएको छ। लहान नगरपालिकाका प्रमुख महेश चौधरीले बजारको फोहोर व्यवस्थापन र पश्चिमी नहरबाट किसानलाई सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले भूमिगत नाला प्रणालीको योजना अघि बढाइएको बताए।

करिब रु आठ करोडको उक्त योजना जस लिने र जस पाउने विषयमा भएको राजनीतिक विरोधका कारण अघि बढ्न नसकेको उनको भनाइ छ। "विरोधका कारण काम हुन सकेन र किसानले सिँचाइ पाएनन्", उनले भने, "हेडवर्क्स बनाउने कार्यालयले नै पूर्ण जिम्मेवारी लिएर किसानको खेतमा पानी पुर्याउनुपर्छ।"

यसअघि नहरलाई सिँचाइ प्रयोजनमै सञ्चालन गर्नुपर्ने माग गर्दै किसानले विरोध गरेका थिए। खुट्टीखोला सिँचाइ उपभोक्ता समितिका अध्यक्ष धर्मराज चौधरीले सिँचाइका लागि पटक–पटक पहल र आन्दोलन गरे पनि ठोस प्रगति नभएको बताए।

जिल्ला उद्योग वाणिज्य संघ सिरहाका सचिव रवीन्द्रकुमार श्रेष्ठले नहर सुधारका नाममा थप बजेट खर्च गर्नुअघि पानीको स्रोत, प्राविधिक डिजाइन र लक्षित क्षेत्रमा दिगो सिँचाइ सम्भव छ कि छैन भन्ने वैज्ञानिक अध्ययन गर्नुपर्ने बताए। "पटक–पटक सुधार र बजेट विनियोजन भए पनि अपेक्षित परिणाम आएको छैन। अब थप लगानी गर्नुअघि नहरको वास्तविक सम्भाव्यता र करिब एक हजार बिघा जमिनमा दिगो सिँचाइ गर्न सकिने–नसकिनेबारे अध्ययन हुनुपर्छ," उनले भने।

**सुधारका लागि १२ करोड ४३ लाख माग**

सिँचाइ कार्यालय सिरहाले यही असोज ८ गते आयोजनाको वर्तमान अवस्था, समस्या, संरक्षण, सुधार तथा स्तरोन्नतिसम्बन्धी विस्तृत प्रतिवेदन मधेस प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा पेस गरेको छ।

कार्यालय प्रमुख झाका अनुसार

–बाँकी तीन पेजमा

### करोडौँ खर्चेर ...

नहरको मर्मतसम्भार, संरचना सुधार तथा स्तरोन्नतिका लागि बहुवर्षीय योजनाअन्तर्गत रु १२ करोड ४३ लाख दुई हजार बजेट व्यवस्थापन गर्न मन्त्रालयसँग आग्रह गरिएको छ। कार्यालयको प्रस्तावमा नहरभित्र र आसपासका अवरोध हटाउने, अतिक्रमण नियन्त्रण गर्ने, माटो तथा सेडिमेन्ट सफा गर्ने, आवश्यक स्थानमा नहरको पुनःआकार निर्धारण गर्ने र जीर्ण संरचना सुधार तथा पुनर्निर्माण गर्ने विषय समेटिएका छन्। सहरी ढल व्यवस्थापनलाई पनि सँगसँगै अघि बढाउनुपर्ने कार्यालयको भनाइ छ।

कार्यालयका सूचना अधिकारी तथा इन्जिनियर मो इनुस राईनका अनुसार आयोजनाको कुल कमाण्ड क्षेत्र ९६४ हेक्टर छ। त्यसमध्ये करिब ६०० हेक्टर खेतीयोग्य क्षेत्र रहेको छ। करिब सात हजार घरधुरीका ३५ हजार जनसंख्या लाभान्वित हुने लक्ष्य राखिएको आयोजना पूर्ण क्षमतामा सञ्चालन हुँदा कृषि उत्पादनमा २०० प्रतिशतसम्म वृद्धि गर्ने लक्ष्य लिएको छ।

स्थानीय समेत रहेका इन्जिनियर वीरेन्द्र महतोका अनुसार खुट्टीखोला सिँचाइ आयोजनाको दीर्घकालीन समाधानका लागि थप बजेट विनियोजन मात्र पर्याप्त हुँदैन। हेडवर्क्सको प्राविधिक परीक्षण, नहरको लेभल सुधार, ढल व्यवस्थापन र पानीको उपलब्धता यकिन गरी समस्याको प्राविधिक समाधान खोज्न आवश्यक छ।

उनले भने, "आयोजनाको वास्तविक समस्या पहिचान गरी जिम्मेवारी स्पष्ट गर्नुपर्छ। थप बजेट खर्च गर्नुअघि हेडवर्क्सदेखि नहरको अन्तिम बिन्दुसम्म प्राविधिक अध्ययन गरेर खेतसम्म पानी पुग्ने सुनिश्चित कार्ययोजना बनाउनुपर्छ।" समस्या पहिचान र समाधानका लागि ठोस पहल नभए ठूलो बजेट खर्चेर निर्माण गरिएको खुट्टीखोला सिँचाइ आयोजना किसानका खेतमा पानी पुर्याउन नसक्ने संरचनामै सीमित रहने जोखिम कायमै रहेको महतोको भनाइ छ। अर्थ डबलीबाट

### झिझिया ...

यादवले बताउनुभयो। उहाँले भन्नुभयो, "विकृतिलाई बढावा दिइने कार्यको एक सचेत दलित अभियानकर्मीको रुपमा रहेकी प्रदेशसभा सदस्य दासले बताउनुभयो।

# माटाका मूर्तिमा आस्था, सप्तरीमा दसैँको रौनक

राजविराज, २८ असोज। विजयादशमीका अवसरमा सप्तरीका गाउँदेखि सहरसम्म माटाका कलात्मक मूर्ति स्थापना गरिएका छन्। दुर्गा भगवती र काली भगवतीप्रतिको धार्मिक आस्था, परम्परा र सांस्कृतिक पहिचानसँग जोडिएको माटाका मूर्तिको पूजाले दसैँको रौनक बढाएको छ।



दसैँका अवसरमा सप्तरीका विभिन्न बस्ती तथा टोलमा माटाबाट बनाइएका देवीदेवताका मूर्ति स्थापना गरी नवरात्रभरि पूजापाठ र आराधना गर्ने परम्परा छ। मूर्तिमा देवी दुर्गाको महिषासुरमर्दिनी स्वरूपसँगै महिषासुर, सिंह, लक्ष्मी, सरस्वती र गणेशलगायतका आकृति बनाइएका छन्। आकर्षक र कलात्मक रूपमा तयार गरिएका यस्ता मूर्तिले धार्मिक वातावरणलाई थप उल्लासमय बनाउने गरेका छन्।

दसैँ आउनुभन्दा करिब एक महिनाअघिदेखि नै मूर्तिकारहरू मूर्ति निर्माणमा जुट्ने गर्छन्। राजविराज नगरपालिका–१०, दिघवाका मूर्तिकार शशी खंग पनि यस वर्षको दसैँका लागि माटाका मूर्ति बनाउन व्यस्त हुनुहुन्छ। उहाँले आसपासका दुई स्थानमा मूर्ति निर्माणको जिम्मेवारी लिनुभएको छ। मूर्तिको आकार, संख्या तथा माटो र अन्य सामग्रीको उपलब्धताका आधारमा निर्माणको मूल्य निर्धारण हुने गरेको खंगले बताउनुभयो। उहाँका अनुसार एउटा समूह वा परिवारका लागि मूर्ति निर्माणको ठेक्का ४० हजारदेखि एक लाख रुपियाँसम्ममा लिने गरिएको छ।

मूर्ति निर्माणमा खंगलाई उहाँका छोरा रणजीत खंग र भान्जा श्रवण खंगले सघाउँदै आउनुभएको छ। कामको चापअनुसार अन्य मूर्तिकारलाई समेत सहभागी गराएर समयमै मूर्ति तयार गर्ने गरिएको उहाँले बताउनुभयो। माटाका मूर्ति निर्माणबाट वार्षिक तीनदेखि चार लाख रुपैयाँसम्म आम्दानी हुने गरेको खंगको भनाइ छ। दसैँमा मात्र नभई तिहार, कृष्णाष्टमी, सरस्वती पूजा र विश्वकर्मा पूजालगायतका अवसरमा पनि खंग परिवारले विभिन्न प्रकारका माटाका मूर्ति बनाउँदै आएको छ। यसले धार्मिक तथा सांस्कृतिक परम्पराको निरन्तरतासँगै स्थानीय मूर्तिकारको सीप र रोजगारीलाई समेत टेवा पुर्‍याएको छ।

सप्तरीका गाउँबस्ती तथा सहरी क्षेत्रमा मन्दिरबाहेक स्थानीय टोलमा समेत देवीका मूर्ति स्थापना गर्ने चलन छ। कतिपयले मनोकामना पूरा भएपछि सङ्कल्पअनुसार काली भगवतीको मूर्ति बनाएर पूजाआजा गर्ने गरेका छन्। स्थानीय तारणीप्रसाद साहका अनुसार धार्मिक आस्था र भाकल पूरा भएपछि मूर्ति स्थापना गरी पूजा गर्ने परम्परा छ। विजयादशमीलाई स्थानीय भाषामा 'जात्रा' भन्ने गरिन्छ। जात्राको अघिल्लो मध्यरातमा देवीको मूर्तिमा नयन भर्ने अर्थात् प्राणप्रतिष्ठा गर्ने परम्परा रहेको छ। त्यसपछि जात्राका दिन मेला लाग्ने र भक्तजनले देवीको दर्शन तथा पूजाआजा गर्ने गर्छन्। काली भगवतीका मूर्ति जात्राकै दिन जलाशयमा विसर्जन गर्ने चलन रहेको छ।

यसैगरी, राजविराज नगरपालिका–७ स्थित माँ चण्डी भगवती मन्दिरमा पनि यस वर्ष देवी दुर्गाको महिषासुरमर्दिनी स्वरूपसँगै महिषासुर, सिंह, लक्ष्मी र गणेशलगायतका आकृति समेटिएका कलात्मक मूर्ति निर्माण गरिएका छन्। मन्दिरका पुजारी दुर्गानन्द मिश्रका अनुसार यहाँ प्रत्येक वर्ष दसैँमा देवीदेवताका मूर्ति स्थापना गरी पूजाआजा गरिन्छ। मन्दिरमा स्थापित मूर्ति भने कोजाग्रत पूर्णिमाका दिन परिसरमा रहेको पोखरीमा विसर्जन गर्ने परम्परा छ।

माटाका मूर्तिमा देवीको स्वरूप उतार्ने स्थानीय कलाकारको सीप, भक्तजनको आस्था र पुस्ताैँदेखि चल्दै आएको पूजापरम्पराले सप्तरीको दसैँलाई विशिष्ट बनाएको छ। धार्मिक अनुष्ठान, मेलापर्व र मूर्तिकलाको आकर्षणले दसैँलाई सामुदायिक एकता र सांस्कृतिक पहिचानको प्रतीकका रूपमा स्थापित गरेको छ।

# मधेशका २१.३ प्रतिशत बालबालिका बहुआयामिक वञ्चितीकरणमा

**अजय साह**

महोत्तरी, २८ असोज। मधेश प्रदेशका २१.३ प्रतिशत बालबालिका बहुआयामिक वञ्चितीकरणको अवस्थामा रहेको पाइएको छ। शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सुविधामा पहुँचको अवस्थाको विश्लेषण गर्दा प्रदेशका बालबालिकाको जीवनस्तर कमजोर देखिएको हो। राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदनअनुसार मधेश प्रदेशमा पाँच वर्षमुनिका २६.२ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या छ। त्यस्तै, ६ देखि २३ महिनासम्मका ६०.७ प्रतिशत शिशु तथा बालबालिकाले पर्याप्त र विविधतायुक्त आहार पाउन सकेका छैनन्।



बालबालिकाको यस्तो अवस्थाले उनीहरूको स्वास्थ्य, शारीरिक तथा मानसिक विकास र भविष्यमा अवसर प्राप्त गर्ने क्षमतामा असर पार्न सक्ने देखिएको छ। बालबालिकाको अवस्था सुधार गर्न शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सेवामा पहुँच विस्तार गर्ने प्रभावकारी नीति तथा कार्यक्रम आवश्यक रहेको सरोकारवालाले बताएका छन्। मधेश प्रदेश नीति तथा योजना आयोगका सदस्य नवल यादवले सम्भावनाले भरिपूर्ण प्रदेशमा बालबालिकाको अवस्था दयनीय रहनु चिन्ताको विषय भएको बताउनुभयो।

उहाँले बालबालिकाको समग्र विकासका लागि शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सेवासम्बन्धी कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा जोड दिनुभयो। बालबालिकाको जीवनस्तर सुधार गर्न उनीहरूको आवश्यकता र समस्यालाई केन्द्रमा राखेर नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका तथ्याङ्क अधिकारी ढुण्डीराज लामिछानेले बालबालिकामा देखिएको बहुआयामिक वञ्चितीकरण न्यूनीकरण गर्न शिक्षा, स्वास्थ्य र खानेपानीमा पहुँच विस्तारसँगै डिजिटल साक्षरतालाई समेत प्राथमिकता दिनुपर्ने बताउनुभयो। प्रतिवेदनले विपन्न परिवारका बालबालिका तथा कम शैक्षिक स्तर भएका आमाका सन्तान बहुआयामिक वञ्चितीकरणको बढी जोखिममा रहने गरेको देखाएको छ। परिवारको आर्थिक अवस्था, शैक्षिक पहुँच र आधारभूत सेवाको उपलब्धताले बालबालिकाको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने गरेको प्रतिवेदनमा उल्लेख छ।

बालबालिकाको अवस्था सुधार गर्न तथ्याङ्कमा आधारित योजना निर्माण, जोखिममा रहेका परिवारको पहिचान र लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याइएको छ। मधेश प्रदेशमा बालबालिकाको पोषण, स्वास्थ्य, शिक्षा र आधारभूत सुविधामा पहुँच सुनिश्चित गर्न प्रदेश सरकार, स्थानीय तह तथा सरोकारवाला संस्थाबीच प्रभावकारी समन्वय आवश्यक देखिएको छ।

### गङ्गा नदीमा...

वर्षा सिंहका अनुसार सात जनालाई उद्धार गरी 'नालन्दा मेडिकल कलेज एन्ड हस्पिटल' पठाइएको छ। डुङ्गामा सवार सबै बालबालिका १५ वर्ष अथवा सोभन्दा कम उमेरका भएका उनले बताइन्। उद्धार गरिएका केहीलाई थप उपचारका लागि बिहारको राजधानी पटना पठाइएको अधिकारीहरूले बताएका छन्। वस्तुस्थिति बुझ्न जिल्लाधिकारी सिंह स्थानीय अस्पताल पुग्दा त्यहाँ उपस्थित आक्रोशित मानिसहरूले जिल्ला प्रशासनविरुद्ध नाराबाजी गरेका थिए।

प्रधानमन्त्री नरेन्द्र मोदी र बिहारका मुख्यमन्त्री सम्राट चौधरीले क्षतिपूर्तिको घोषणा गरेका छन्। बिहारका मुख्यमन्त्री चौधरीले इन्स्टाग्राममा एउटा पोस्ट गर्दै घटनाप्रति दुःख व्यक्त गरेका छन्। 'वैशालीको राघोपुरमा भएको डुङ्गा दुर्घटनामा निर्दोषको ज्यान गएको खबर अत्यन्तै दुःखद र हृदयविदारक छ। यो कठिन घडीमा शोकसन्तप्त परिवारप्रति मेरो गहिरो समवेदना छ। भगवान्ले दिवंगत आत्मालाई शान्ति प्रदान गरून् र पीडित परिवारहरूलाई सहन गर्ने शक्ति प्रदान गरून्' उनले लेखेका छन्।

'राज्य सरकारले प्रतिमृतक परिवारलाई ४ लाख भारु उपलब्ध गराउने छ। प्रशासनलाई राहत एवं उद्धार कार्यमा तीव्रता दिन र घाइतेहरूलाई राम्रो उपचारको व्यवस्था मिलाउन निर्देशन दिइएको छ।'

**क्षतिपूर्तिको घोषणा**

अर्कोतर्फ प्रधानमन्त्री नरेन्द्र मोदीले घटनामा ज्यान गुमाउनेका परिवारलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट प्रतिमृतक परिवारलाई २ लाख भारु सहयोग गरिने घोषणा गरेका छन्। प्रतिघाइतेलाई ५० हजार भारु उपलब्ध गराइने छ। 'बिहारको वैशालीमा डुङ्गा पल्टिँदा भएको मृत्युको घटना अत्यन्तै दुःखद छ। यो कठिन समयमा शोकसन्तप्त परिवारप्रति मेरो समवेदना छ। म घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्छु। स्थानीय प्रशासनले प्रभावित मानिसहरूलाई सहयोग प्रदान गरिरहेको छ, प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल एक्समा लेखेका छन्। राघोपुरका विधायक तथा बिहार विधानसभामा विपक्षी दलका नेता तेजस्वी यादवले पनि एक्समा एउटा भिडियो सन्देश पोस्ट गर्दै घटनाप्रति गहिरो दुःख व्यक्त गरेका छन्। 'राघोपुरमा भएको डुङ्गा दुर्घटनाको हृदयविदारक घटनाबाट म गहिरो रूपमा स्तब्ध छु। भगवान्ले दिवंगत आत्माहरूलाई शान्ति प्रदान गरून् र शोकसन्तप्त परिवारलाई यो क्षति सहन गर्ने शक्ति प्रदान गरून्। हाल म भारत गठबन्धनको बैठकमा भाग लिन दिल्लीमा छु। भोलि पटना पुग्नेबित्तिकै म आफ्नो विधानसभा क्षेत्रमा जाने छु र प्रभावित परिवारहरूलाई भेट्नेछु,' उनले भनेका छन्। –बीबीसी नेपालीसेवाबाट

# जनकपुरको बाह्रबिघा मैदानमा पैदलमार्ग छेकेर राखियो पिङ, आवतजावतमा यात्रुलाई सास्ती



जनकपुरधाम, २८ असोज। जनकपुरधामस्थित बाह्रबिघा मैदानभित्र सर्वसाधारण हिँड्ने बाटोनै अवरुद्ध गरी दसैँलाई लक्षित गरी रोटेपिङ, झुलुवा लगायतका मनोरञ्जनका साधन जडान गरिएपछि पैदल यात्रीले सास्ती खेप्नु परिरहेको छ। मैदानभित्र उत्तरदेखि दक्षिणतर्फ आवतजावत गर्न प्रयोग हुँदै आएको बाटो छेकेर मनोरञ्जन पार्क निर्माण गरिएपछि स्थानीय बासिन्दा, मर्निङ वाक गर्ने व्यक्ति तथा विभिन्न गन्तव्यमा पैदल जाने यात्री प्रभावित हुन्। बर्खायामका कारण बाह्रबिघा मैदानभित्र यो बाटो बाहेक अन्यत्र हिलोपानी जमेको र घाँस उम्रिएका कारण हिँड्ने अवस्था छैन। तैपनि जनकपुर उपमहानगरपालिका र बृहत्तर क्षेत्र विकास समितिले यो आवतजावत गर्ने बाटो अवरुद्ध हुने गरी दसैँलक्षित मनोरञ्जनका सामग्री राख्न अनुमति दिएको छ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमराज लुईटेलले यसबारे आफूकहाँ पनि गुनासो आएको बताए। रातोपाटीसँग उनले भने, 'मकहाँ पनि यस्तो जनगुनासो आएको छ, तर त्यो मेरो मातहतको निकायबाट अनुमति नभई अन्यत्रले दिएका कारण मैले सुरक्षाको दृष्टिकोणले मात्रै सहजीकरण गर्ने हो।' दसैँको अवसरमा सर्वसाधारणलाई मनोरञ्जन प्रदान गर्ने उद्देश्यले मुलुकभित्रै र भारतबाट ल्याइएका रोटपिङ, झुलुवा लगायतका साधन मैदानभित्र जडान गरिएका छन्। ती साधन राख्ने क्रममा पैदल यात्रुहरूले नियमित रूपमा प्रयोग गर्दै आएको बाटोमा जस्तापाता लगाएर अवरोध गरिएपछि सर्वसाधारणले सास्ती भोग्नु परिरहेको छ।

बाह्रबिघा मैदान जनकपुरधामका स्थानीय बासिन्दाका लागि खुला सार्वजनिक स्थलमात्र नभई एक ठाउँबाट अर्को ठाउँमा पैदल आवतजावत गर्ने सहज मार्गका रूपमा समेत प्रयोग हुँदै आएको छ। विशेषगरी बिहान मर्निङ वाक गर्न जाने स्थानीय बासिन्दाले यही बाटो प्रयोग गर्छन्। त्यस्तै, जानकी मन्दिर लगायतका अन्य स्थानबाट प्रसिद्ध सङ्कटमोचन मन्दिरतर्फ पैदल हुँदै पिडारीचोक, थापाचोक जाने सर्वसाधारणका लागि पनि यो बाटो सहज विकल्पको रुपमा छ।

तर, अहिले मनोरञ्जन पार्कका लागि बाटो अवरुद्ध गरिएपछि उक्त मार्ग प्रयोग गर्ने यात्रुहरू मैदानको बिचबाटै फर्किनुपर्ने वा आफ्नो गन्तव्यमा पुग्न लामो दुरी घुमेर जानुपर्ने अवस्था सिर्जना भएको छ। बाह्रबिघा मैदानको बाटो अवरुद्ध हुँदा स्थानीय बासिन्दामात्र नभई अस्पताल जाने बिरामी तथा उनीहरूका आफन्तलाई समेत असुविधा भएको छ। मैदानको छेउमा रहेको प्रादेशिक अस्पताल पुग्न तथा आसपासका निजी अस्पतालमा जानका लागि धेरैले यही बाटो प्रयोग गर्दै आएका छन्।

मैदाभित्रको बाटो बन्द भएपछि यात्रुहरूलाई वैकल्पिक मार्ग खोज्नुपर्ने बाध्यता भएको छ। विशेषगरी पैदल हिँडेर अस्पताल जाने, मन्दिर दर्शन गर्न जाने तथा दैनिक कामकाजका लागि ओहोरदोहोर गर्ने सर्वसाधारण यसको मारमा परेका छन्। सङ्कटमोचन मन्दिर दर्शन गरेर फर्किएका स्थानीय अमरनाथ साहले भने, 'यत्रो मैदान छ, बाटो नै बन्द गरेर यसरी पिङ निर्माण गर्न हुन्थेन नि।'

बाह्रबिघा मैदानको बाटो बन्द हुँदा उत्तर वा दक्षिणतर्फ जान चाहने व्यक्तिहरूलाई अनावश्यक रूपमा घुम्नुपर्ने भएको छ। दसैँका लागि मनोरञ्जनका साधन राख्नु स्वाभाविक भए पनि सार्वजनिक बाटो नै अवरुद्ध हुने गरी व्यवस्थापन गर्नु उचित नभएको प्रादेशिक अस्पतालमा कार्यरत सन्देश बुढाथोकीले बताए। उनले भने, 'दसैँसम्मलाई हो, यस्तो चाडपर्वको बेला रमाइलो पनि चाहिन्छ, तर यो बाटो नछेकिने गरी अलि पर निर्माण गरेको भए झनै राम्रो हुन्थ्यो।'

जनकपुर वडा नम्बर ९ का स्थानीय सुरेन्द्र झाको दम्पती बेलुका वाकमा आउँदा बाटो नै छेकेर पिङ हाल्दै गरेको देखेपछि आश्चर्यचकित भए। 'बाह्रबिघा भित्र यो बाटोको विकल्प छैन, सबैतिर पानी, फोहोरमात्रै छ,' झाले भने, 'मान्छे कसरी हिँडछन् भन्ने सामान्य ध्यान पनि नपुऱ्याउनु अचम्म लाग्दो कुरा हो।'

जिल्ला प्रहरी कार्यालय धनुषाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) ओमप्रकाश खनालले पनि बाह्रबिघा मैदानको बाटो अवरुद्ध भएको विषय आफूले सुनेको बताए। उनका अनुसार यो विषयमा प्रहरी कार्यालयमा औपचारिक जानकारी वा गुनासो प्राप्त भएको छैन। डीएसपी खनालले भने, 'यस विषयमा मैले पनि सुनेको छु, तर औपचारिक रूपमा कुनै खबर वा गुनासो आएको छैन। यसबारे सम्बन्धित निकायसँग थप बुझेर जानकारी दिन्छु।'

# बिटौरी जग्गाको पुर्जा वितरण गर्न निर्देशन



सप्तरी, २८ असोज। युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले राजविराज नगरपालिकास्थित बिटौरी जग्गामा बसोबास गर्दै आएका नगरवासीलाई दसैँअघि नै जग्गाधनी पुर्जा वितरणका लागि आवश्यक प्रक्रिया सुरु गर्न निर्देशन दिनुभएको छ। जिल्ला प्रशासन कार्यालय सप्तरीमा सोमबार सरोकारवाला कार्यालयका प्रमुख र प्रतिनिधिको बैठकमा मन्त्री यादवले यस्तो निर्देशन दिनुभएको हो। साढे आठ दशकदेखि जग्गाधनी पुर्जाविहीन राजविराजवासीलाई पुर्जा दिन जग्गा दर्तासम्बन्धी गठन आदेश, २०८३ मन्त्री परिषद्को बैठकबाट स्वीकृत भइसकेको मन्त्री यादवले उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "कुनै ढिलाइ नगरी उक्त निर्णय छिटोछरितो ढङ्गले कार्यान्वयनमा ल्याउनु पर्छ।" दसैँको बिदा हुनुअगाडि शुक्रबारसम्म लालपुर्जा वितरणका लागि सूचनालगायत आवश्यक प्रक्रिया थाल्न निर्देशन दिँदै उहाँले कुनै बाधाअड्चन भए त्यसको फुकाउ गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सप्तरीका विभिन्न जीर्ण सडकखण्डको मर्मतसम्भार तथा स्तरोन्नतिका बारेमा चासो राख्दै उहाँले ती काम सुरु गर्न सरोकारवाला कार्यालयका प्रमुखलाई पनि निर्देशन दिनुभयो। चाडपर्वका समयमा पनि राजविराजदेखि छिन्नमस्ता भगवती मन्दिरसम्म पुग्ने सडकका साथै राजविराज–हनुमाननगर, राजविराज–रूपनी, राजविराज–कञ्चनपुरलगायत १२ स्थानको बाटो जीर्ण अवस्थामा रहँदा सर्वसाधारणलाई निकै सास्ती भोगिरहनुपरेको गुनासो आएको उल्लेख गर्नुभयो।

सडक विभाग तथा पूर्वाधार विकास कार्यालयका प्रमुखलाई सङ्केत गर्दै मन्त्री यादवले भन्नुभयो, "अब हल्ला कम र काम बढी देखिनु पऱ्यो।" चाडपर्व सकिनुअगावै युद्धस्तरमा काम गरेर जिल्लाका अति जीर्ण अवस्थामा रहेका सडकको सुधार हुनुपर्ने र केही दिनपछि आफू फर्केर आउँदा त्यसको अनुगमन गर्ने भन्दै सचेत गराउनुभयो।

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापा, प्रहरी उपरीक्षक रूपक खड्का, राजविराज नगरपालिकाका कार्यवाहक मेयर इसरत परविन, तिलाठीकोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण मण्डल, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीलगायत उपस्थित हुनुहुन्थ्यो।

# यात्रु सहायता कक्षः बढी भाडा असुल्नेलाई कारवाही

**रवीन्द्र उप्रेती**

बर्दिबास, २८ असोज। दसैँ मनाउन घर फर्किने यात्रुको चाप बढेसँगै सार्वजनिक यातायातमा बढी भाडा असुल्ने, टिकट नदिने, यात्रुलाई बिच बाटोमै अलपत्र पार्ने तथा दुर्व्यवहार गर्ने गुनासो बढ्न थालेको छ। यात्रुलाई राहत दिन यात्रु सहायता कक्ष सहयोगी भएका छन्। दसैँका लागि घर फर्किने क्रममा धरान–बुटवल बसमा यात्रा गरिरहेका बाजुराका सौरभ मल्लले कन्डक्टरले निर्धारितभन्दा बढी भाडा मागेपछि बर्दीबासस्थित यात्रु सहायता कक्षमा गुनासो गर्नुभयो। कन्डक्टरले उहाँसँग २ हजार २०० रुपियाँ भाडा मागेका थिए। मागेजति रकम नदिए बिचबाटोमै उतारिदिने धम्की दिएपछि विवाद बढेको थियो।




बर्दीबासमा पुगेपछि मल्लले ट्राफिक प्रहरीसमक्ष गुनासो गर्नुभयो। सोधपुछको क्रममा कन्डक्टरले उक्त दूरीको भाडा १ हजार ८०५ रुपियाँ मात्र भएको स्वीकारेपछि अन्य यात्रुसँग पनि लिएको बढी भाडा फिर्ता गर्ने र जथाभावी भाडा असुले कारवाहीको चेतावनी दिएपछि कुरा मिल्यो। त्यस्तै, काठमाडौँबाट पूर्वतर्फ जाँदै गरेका भोजपुरको मन्दिप भुजेललाई शनिबार मध्यरातमा एउटा हाइसले बर्दीबासमा ल्याएर अलपत्र छाडिदियो। चालकले बर्दीबासबाट पूर्वतर्फ जाने अर्को गाडीमा चढाइदिने भन्दै ल्याएका भुजेललाई बिचमै झारेर हाइस अन्यत्र लागेको थियो। टिकटसमेत नदिइएकाले मध्यरातमा आफू कहाँ जाने ? उहाँ अन्यौलमा पर्नुभयो।

आइतबार बिहान सडकछेउमा रहेको बर्दीबासस्थित यात्रु सहायता कक्षमा पुगेपछि उहाँले सहयोग पाउनुभयो। घटनाबारे जानकारी लिएपछि ड्युटीमा रहेका ट्राफिक प्रहरीले पश्चिमबाट इटहरीतर्फ जाँदै गरेको बस रोकेर भुजेललाई चढाइदिएका थिए। दसैँको बेला यात्रुको चापसँगै देखिने यस्ता समस्या नियन्त्रण गर्न यात्रु सहायता कक्ष अहिले प्रभावकारी माध्यम बनेको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीका प्रमुख तथा प्रहरी निरीक्षक बाबुराम कार्कीका अनुसार दसैँलगायत प्रमुख चाडपर्वलाई लक्षित गरी जिल्लाको बर्दीबास, गौशाला, सम्सी र जलेश्वरमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ।

दसैँ नजिकिँदै जाँदा ती कक्षमा समस्या लिएर आउने यात्रुको संख्या बढिरहेको उहाँले बताउनुभयो। कार्कीले भन्नुभयो, 'सहायता कक्षमार्फत अलपत्र परेका यात्रुको गुनासो सुन्ने, बढी भाडा लिने, बिच बाटोमै यात्रु झार्ने, टिकट र सवारीमा कालोबजारी गर्ने जस्ता अवाञ्छित कार्यको निगरानी तथा नियन्त्रणका लागि चौबीसै घण्टा सेवा दिइएको छ।' यता, यातायात व्यवसायी सीताराम ढुङ्गेलले चाडपर्वका बेला एकतर्फी यात्रु मात्र पाइने समस्याका कारण यातायात व्यवसायीलाई सञ्चालन खर्च व्यवस्थापन कठिन हुने हुँदा बर्दीबास–काठमाडौँ रुटमा ठुला बसको भाडा १ हजार ५० रुपियाँ र साना सवारीको भाडा १ हजार २०० रुपियाँ लिने सहमति भएको छ।

सहमतिमा उल्लेख भएभन्दा कम भाडा लिइरहेको दाबी गर्दै ढुङ्गेलले भन्नुभयो, 'सहमति भए पनि अहिलेसम्म हामीले हजार रुपियाँ मात्र भाडा लिएका छौँ।'

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)